# बैठक नं. १४

आज मिति २०७९ साल फाल्गुन ११ गते बिहिवार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | ई. श्री रूपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री श्यामकुमार अधिकारी | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य | श्री श्याम दानकोटी | |
| २१ | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १, | नि. प्र. | श्री प्रविण कुमार शाही | |
| २, | व. प्र. | श्री जनक थापा | |
| ३, | नगर प्रमुख सचिवालय | श्री राज कुमार श्रेष्ठ | |
| ४, | ,, ,, | श्री रविन नकर्मी | |
| ५, | क. प्र. | श्री अजित अमात्य | |
| | | | |

## प्रस्तावहरु

१) प्रदेश समपुरक अनुदान र विशेष अनुदान सम्बन्धमा,
२) गणेशमान सिंह प्राविधिक शिक्षा अध्ययन केन्द्र स्थापना र सो को कार्यविधि सम्बन्धमा,
३) नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रमको अनुगमनको प्रतिवेदन सम्बन्धमा,
४) मिटमार्ट संचालन कार्यविधि सम्बन्धमा,
५) विविध ।

## निर्णय नं. १

अघिल्लो नगरकार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको विषयमा समीक्षा गरियो ।

## निर्णय नं .२

बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदान अन्तरगत आ.ब. २०८०/२०८१ मा संचालन गरिने आयोजना/ कार्यक्रमको लागि मिति २०७९/१०/०३ गते प्रस्ताव आब्हान गरेको हुँदा यस नगरपालिकामा समपुरक अनुदान र विशेष अनुदानका लागि निम्न आयोजना/ कार्यक्रम छनौट गरी पठाउने निर्णय गरियो ।

क) समपुरक अनुदानका लागि छनौट भएका आयोजना/कार्यक्रम
  १) सुन्दरीघाटमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना
  २) वडा नं. १०, बसपार्क नजिकै विष्णुदेबी अस्पताल भवन निर्माण
  ३) सागलटोलको ओरालोदेखि- सल्यानस्थान चोक- चन्द्रागिरि नगरपालिकाको सिमाना सम्म सडक निर्माण
  ४) वडा नं. १ बाघ भैरव मन्दिर परिसर मर्मत सम्भार र जिर्णोद्वार

ख) विशेष अनुदानका लागि छनौट भएका आयोजना/कार्यक्रम
  १) लोकतान्त्रिक चोकदेखि बाघभैरव मन्दिर सम्म ढल निकास
  २) हनुमानघाट मन्दिर संरक्षण
  ३) वडा नं. ४ मा खानेपानी रिजर्भ भ्वायर निर्माण

## निर्णय नं. ३

दक्ष प्राविधिक जनशक्ती उत्पादन गर्ने उद्देश्य राखी प्राविधिक शिक्षा तथा ब्यवसायिक तालीम परिषद् र कीर्तिपुर नगरपालिकाको साझेदारीमा यस नगरपालिका भित्र एउटा प्राविधिक शिक्षालय स्थापना र संचालन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) प्राबिधिक शिक्षालयको नाम: गणेशमान सिंह प्राबिधिक शिक्षा अध्ययन केन्द्र ।

ख) प्राबिधिक शिक्षालयको ठेगाना: कीर्तिपुर नगरपालिका वडा नं. ९, काठमाडौं।

ग) ट्रेड: अटोमोबाईल ईन्जिनियरिङमा ३ बर्षे डिप्लोमा र सिभिल ईन्जिनयरिङमा ३ बर्षे डिप्लोमा ।

घ) गणेशमान सिंह प्राबिधिक शिक्षा अध्ययन केन्द्र स्थापना र संचालन गर्ने सम्बन्धमा कानूनी व्यबस्था गर्न कार्यपालिका बैठक समक्ष पेश हुन आएको गणेशमान सिंह प्राविधिक शिक्षा अध्ययन केन्द्र संचालन कार्यबिधि,२०७९ को मस्यौदा स्वीकृत गर्ने ।

ङ) गणेशमान सिंह प्राबिधिक शिक्षा अध्ययन केन्द्रको स्थापना र उल्लेखित ट्रेडहरु संचालनका लागि सम्बन्धन स्वीकृति प्रदान गरि दिने सम्बन्धमा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् सानोठिमी भक्तपुरलाई अनुरोध गर्ने ।

च) उपरोक्तानुसारको प्राबिधिक शिक्षालय स्थापनाका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिने सम्वन्धमा जिल्ला समन्वय समिति काठमाडौंलाई अनुरोध गर्ने ।

निर्णय नं . ४

नगर उपप्रमुखबाट बैठकमा पेश भएका नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरु मध्ये मिति २०७९/०९/१८ गते देखि २०७९/११/०२ गते सम्म अनुगमन गरिएका २६ (छब्बिस) वटा योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिबेक्षण प्रतिबेदन माथि छलफल गरियो ।

निर्णय नं . ५

नगरकार्यपालिका बैठक समक्ष पेश हुन आएको मिटमार्ट स्थापना कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७९ को मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं . ६

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७९/११/०४ प.सं. २०७९/२०८० च.नं.१२८७ को पत्रबाट २०७९/२०८० का लागि नपुग सामाजिक सुरक्षा भत्ता माग गर्ने सम्बन्धमा लेखि आएको पत्रानुसार सम्बन्धित शाखाबाट पेश हुन आएको अनुमानित आवश्यक रकम जम्मा रु १२,४५,५३,०००।(बाह्र करोड पैतालिस लाख त्रिपन्न हजार मात्र) मध्ये नपुग रकम रु ३,०२,७९,१२२। (तीन करोड दुई लाख उनासी हजार एक सय बाईस मात्र) निकासा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नगरकार्यपालिकाको मिति २०७६/०८/२७ को निर्णय बमोजिम सम्बन्धित निकायबाट प्राप्त गर्नु पर्ने जग्गा धनि प्रमाण पुर्जा कीर्तिपुर नगरपालिका वडा नं. ८ बस्ने ईखुराम महर्जन समेत सात जनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी निवेदन परेको कारण हालसम्म पनि प्राप्त गर्न नसकेकोमा आयोगको प.सं. सू.स.१८/२०७९/२०८० च.नं. Niti 7980-3026 मिति २०७९/०४/१५ पत्रबाट उल्लेखित उजुरी निवेदन तामेलीमा राखी लगत कट्टा गर्ने भनी सूचना प्राप्त भएको, सम्वन्धित जग्गावालाहरु परापुर्वकाल देखि हकभोग गरी बसोवास गर्दै आएको तथा सो जग्गाहरुले कुनै पाटी, चौतारो वा सार्वजनिक जग्गा नमिचेको भनि मिति २०७९/०६/०६ को सम्वन्धित वडाको वडा सर्जमिन मुचुल्का र ८ नं. वडा कार्यालयको च.नं. ४४७ मिति २०७९/०७/२८ गतेको सिफारिस पत्र बमोजिम उल्लेखित जग्गाहरु हकभोग गर्ने देहाय बमोजिमका जग्गावालाहरुको नाममा जग्गा दर्ता गरी जग्गा धनि प्रमाण पुर्जा सम्वन्धित जग्गावालालाई उपलब्ध गराई दिन् नापी कार्यालय कलंकी काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | ज.ध.को नाम | वडा नं. | सीट नं. | कि.नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | इखुराम महर्जन | ८ | १०२-१२२२-०६ | ६८ | |
| २ | दिल कुमारी महर्जन | ८ | १०२-१२२२-०६ | ६९ | |
| ३ | बिराजन महर्जन | ८ | १०२-१२२२-०६ | ७० | |
| ४ | सिकन्दर महर्जन | ८ | १०२-१२२२-०६ | ७१ | |
| ५ | कान्छी महर्जन | ८ | १०२-१२२२-०६ | ७२ | |
| ६ | सिद्दिलाल महर्जन | ८ | १०२-१२२२-०६ | ७३ | |
| ७ | उदेश कु. महर्जन | ८ | १०२-१२२१-१५ | ५७ | |

निर्णय नं. ८

आ.ब. २०७८/२०७९ को स्वीकृत योजना अन्तर्गत वडा नं.१० खेलकुद मैदान संगैको बहुउदेश्यीय कभर्डहल (ब्याडमिन्टन कोर्ट) निर्माणको प्राविधिक मुल्याङकन प्रतिबेदन र अनुगमन प्रतिबेदनका आधारमा उक्त योजनाको रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

५